पर्यटकको रोजाइमा रामबेलको राइनो ताल

सूर्यप्रसाद अधिकारी

भरतपुर

भरतपुर महानगरपालिका-१२ स्थित रामबेल सामुदायिक वनअन्तर्गत रहेको राइनो ताल पछिल्लो समय पर्यटकको रोजाइ बन्दै गएको छ । नारायणगढबाट नजिकै पर्ने यो ताल चितवनको पर्यटकीय गन्तव्यमध्ये एक हो । बजार क्षेत्रबाट जल तथा जंगल पर्यटनको आनन्द लिन पाइने भएकाले पनि पर्यटक यस क्षेत्रमा आकर्षित भएका हुन् ।

केही वर्षअघि मात्र तालको पानी सुकेर जंगली जनावरलाई समेत समस्या भएपछि यसको संरक्षण गरी पहिलेकै अवस्थामा ल्याइएको छ । नारायणगढकी सरोजा आचार्य गर्मीबाट राहत पाउन र रमाउन आफू घर नजिकैको यो ताल भ्रमणमा आएको बताउँछिन् । 'गर्मी याममा बच्चाबच्चीसहित कहाँ जाउँ, कहाँ जाउँ हुन्छ, शितल पनि हुने, बच्चाहरू पनि रमाउने भएकाले यहाँ आएकी हुँ,' उनले भनिन् ।

तालमा हाल आन्तरिक तथा बाह्य पर्यटक पनि आउने गरेका छन् । गैंडा पानी खान आउने ताल भएकाले यो तललाई राइनो ताल भनिएको हो । यहाँ गैंडासँगै विभिन्न प्रजातिका चरा, गोही, हरिण, मृग, जरायोलगायत वन्यजन्तु हेर्न पाइन्छ । महानगरपालिका-१२ का वडाध्यक्ष लेखराज पन्त तालको संरक्षण र सफाइ गरेसँगै पर्यटकको आगमन बढ्दै गएको बताउँछन् । 'दुर्लभ जंगली जनावर अवलोकनका लागि यो ताल महत्त्वपूर्ण मानिन्छ,' वडाध्यक्ष पन्तले भने । तालमा ड्याम निर्माणका साथै डुंगा शयर, वन्यजन्तु अवलोकनका लागि मचान, विश्रामस्थल, शौचालयलगायत विभिन्न भौतिक संरचना पनि निर्माण गरिएको छ ।

ताल अवलोकनका लागि मासिक औसत दुई हजार पर्यटक आउने गरेका छन् । भरतपुर भ्रमण वर्ष २०२४ घोषणापछि मात्र यहाँ आउने पर्यटकको तथ्यांक राख्न शुरू गरिएको हो ।

राइनो ताल सात हेक्टर क्षेत्रफलमा फैलिएको छ । यो ताल दुई मिटरदेखि साढे पाँच मिटरको गहिराइको छ । रामबेल सामुदायिक वनका अध्यक्ष माधव धिताल राइनो तालमा सुक्खा मौसममा पनि पानी प्रशस्त हुने भएकाले वन्यजन्तुका लागि महत्त्वपूर्ण रहेको बताउँछन् ।

यो ताल अवलोकनका लागि मासिक औसत दुई हजार पर्यटक आउने गरेका छन् । भरतपुर भ्रमण वर्ष २०२४ घोषणापछि मात्र यहाँ आउने पर्यटकको तथ्यांक राख्न शुरू गरिएको हो । ताल अवलोकन गर्न आउने पर्यटकका लागि २० रुपैयाँ प्रवेश शुल्क लिने गरिएको छ ।

भरतपुर भ्रमण वर्ष शुरू भएपछि पर्यटक आवागमनमा वृद्धि हुँदै गएको वनका अध्यक्ष धितालको भनाइ छ । राइनो तालतालाई २०६२ सालदेखि पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न शुरू गरिएको हो ।

महालक्ष्मी विकास बैंकका ग्राहकलाई विभिन्न संस्थामा छूट

काठमाडौं (अस) । महालक्ष्मी विकास बैंक लिमिटेडले आफ्ना ग्राहकलाई छूट दिन विभिन्न स्वास्थ्य क्षेत्रका संस्था तथा सुपर मार्केटसँग सम्झौता गरेको छ । सम्झौतापश्चात् बैंकका डेबिट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोगकर्ता ग्राहकले उक्त संस्थाका विभिन्न सेवामा विशेष छूट प्राप्त गर्न सक्ने बताइएको छ ।

सम्झौताअनुसार बैंकका ग्राहकले पोखराको लेखनाथ सिटी हस्पिटलमा २५ प्रतिशतसम्म, ओरो प्लस डेन्टल क्लिनिक ललितपुरमा १० प्रतिशतसम्म, ए एण्ड ए हेल्थ क्लब बुटवलमा १९ प्रतिशतसम्म र एनजी मार्केट्स तिलोत्तमा रूपन्देहीका सेवामा १० प्रतिशतसम्म छूट पाउने बताइएको छ । यस किसिमको सहकार्यबाट बैंकका डेबिट अथवा क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोग गर्ने ग्राहक प्रत्यक्ष रूपमा लाभान्वित हुने विश्वास बैंकको छ । यसका साथै डिजिटल युगसँग नेपाली जनतालाई साक्षात्कार गराउने उद्देश्यले बैंकले विभिन्न शाखामार्फत वित्तीय जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

समृद्धि फाइनान्सको नयाँ ब्याजदर सार्वजनिक

काठमाडौं (अस) । समृद्धि फाइनान्स कम्पनी लिमिटेडले असार १ गतेदेखि नयाँ ब्याजदर लागू गरेको छ । फाइनान्सले असार महीनाका लागि निक्षेपमा ५ दशमलव २५ देखि ६ दशमलव २५, रेमिट्यान्स बचत खातामा ७ दशमलव २५ प्रतिशत, व्यक्तिगत मुद्दती निक्षेपतर्फ अधिकतम ८ दशमलव २५ प्रतिशत र संस्थागततर्फ ७ दशमलव २५ प्रतिशत ब्याजदर तोकेको हो ।

फाइनान्सले व्यक्तिगततर्फ ३ देखि ६ महीना अवधिका लागि ७ दशमलव २५ प्रतिशत, ६ महीनादेखि ९ महीना अवधिका लागि ७ दशमलव ५० प्रतिशत, ९ महीनादेखि १ वर्ष अवधिका लागि ७ दशमलव ७५ प्रतिशत, १ वर्षदेखि २ वर्ष अवधिका लागि ८ प्रतिशत र २ वर्षदेखि माथिका लागि ८ दशमलव २५ प्रतिशत ब्याजदर निर्धारण गरेको छ । त्यस्तै संस्थागततर्फ ६ महीनादेखि ९ महीना अवधिका लागि ६ दशमलव ५० प्रतिशत, ९ महीनादेखि १ वर्ष अवधिका लागि ६ दशमलव ७५ प्रतिशत, १ वर्षदेखि २ वर्ष अवधिका लागि ७ प्रतिशत, र २ वर्षदेखि माथिको अवधिका लागि ७ दशमलव २५ प्रतिशत ब्याजदर तोकेको बताइएको छ ।

कोइका र युएनएफपीएको साझेदारीमा 'किशोरी र युवतीका लागि सेफ-गर्ल्स' परियोजना

काठमाडौं (अस) । कोइका नेपाल र संयुक्त राष्ट्रसंघीय जनसंख्या कोष (युएनएफपीए) नेपालबीच १४ जुन २०२४ मा 'किशोरी र युवतीका लागि सेफ-गर्ल्स' परियोजनाका लागि सम्झौता भएको छ । सम्झौतामा कोइका नेपालका सिनियर डेपुटी कन्ट्री डाइरेक्टर जिओङ-इन सोङ र नेपालका लागि युएनएफपीएका प्रतिनिधि वोन योङ होङले हस्ताक्षर गरेका छन् । परियोजनाका लागि दक्षिण कोरियाली सरकारले कोइकामार्फत युएनएफपीएलाई ६० लाख अमेरिकी डलरको योगदान गरेको बताइएको छ । परियोजना आगामी चार वर्षमा लुम्बिनी, मधेश र सुदूरपश्चिम प्रदेशका स्थानीय तह, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र नेपालमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयसँगको सहकार्यमा कार्यान्वयन गरिने बताइएको छ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मितिः २०८१/०३/०२

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड (साविक सिर्जना फाईनान्स लिमिटेड) को शाखा कार्यालय, राजविराज सप्तरीबाट तपसिलमा उल्लेखित तपाई ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणी **श्री रामचन्द्र दास**को हकमा मिति वि.सं. २०८०/०२/२९ मा नागरिक राष्ट्रिय दैनिक पत्रिकामा, **श्री कृष्णा किराना पसल**को हकमा मिति २०८०/१२/२६ मा अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक पत्रिकामा र **श्री अशोक कुमार ठाकुर**को हकमा मिति वि.सं. २०८०/१२/११ मा नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा ऋणकर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा ३५ (पैतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरी ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ, ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औ दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड, शाखा कार्यालय, राजबिराज, सप्तरी दिनको ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ । सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराईएको छ ।

तपसिल

१. कर्जा शिर्षक : सिटिजन्स व्यक्तिगत आवधिक कर्जा

ऋणीको नाम र ठेगाना	जमानीकर्ताहरुको नाम र ठेगाना
नाम : रामचन्द्र दास बुबा : सीताराम दास बाजे : तनुक दास ठेगाना : मलेठ गाविस वडा नं. ०२, सप्तरी हाल : राजविराज न.पा.वडा नं.१०, सप्तरी ना.प्र.नं. : ५९२२०५३८ जारी मिति : २०३६/०४/११ जि.प्र.का. : सप्तरी	**१. नाम : चन्द्रकला देवी दास** बुबा : राधे दास पती : राम चन्द्र दास ससुरा : सीताराम दास ठेगाना : दिघवा गाविस वडा नं. ०१, सप्तरी हाल : राजविराज न.पा.वडा नं.१०, सप्तरी ना.प्र.नं. : ५९२७१६२८ जारी मिति : २०४६/०१/३० जि.प्र.का. : सप्तरी
२. नाम : राम कुमार दास बुबा : राम चन्द्र दास बाजे : सीताराम दास ठेगाना : दिघवा गाविस वडा नं. ०१, सप्तरी हाल : राजविराज न.पा.वडा नं.१०, सप्तरी ना.प्र.नं. : १६१०५१/४०७ जारी मिति : २०६८/१२/२९ जि.प्र.का. : सप्तरी	**३. नाम : शिव नारायण दास** बुबा : राम चन्द्र दास बाजे : सीताराम दास ठेगाना : दिघवा गाविस वडा नं. ०१, सप्तरी हाल : राजविराज न.पा.वडा नं.१०, सप्तरी ना.प्र.नं. : ५४७५ जारी मिति : २०५४/०४/१३ जि.प्र.का. : सप्तरी

धितो राखिएको सम्पत्ति विवरण

जग्गाधनीको नाम : राम चन्द्र दास

जिल्ला	न.पा./गा.वि.स.	वडा नं/नक्सा सिट	कित्ता.नं.	क्षेत्रफल (ब.मि.)	कैफियत
सप्तरी	दिघवा	१क	६३७	०.०११७.८०	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत ।

२.कर्जा शिर्षक : साना व्यापार अधिविकर्ष कर्जा

ऋणीको नाम : कृष्णा किराना पसल

रजिष्टर्ड ठेगाना : डाक्नेश्वरी न.पा.वडा नं.०९, सप्तरी
रजिष्ट्रेसन नं. : ५८१६/०७४/०७५ (घरेलु तथा साना उद्योग कार्यालय सप्तरी, राजविराज)
पान नं. : ६०७६८९०३७

फर्मको प्रोप्राईटरको नाम र ठेगाना	जमानीकर्ताको नाम र ठेगाना
नाम : सुनिता देवी साह बुबा : ताराचन्द्र साह पती : श्याम नारायण साह ससुरा : बिक्रम साह ठेगाना : पत्थरगाडा गा.वि.स वडा नं. ०१, सप्तरी हाल : डाक्नेश्वरी न.पा. वडा नं.०९, सप्तरी ना.प्र.नं. : १६३०७६/३८० जारी मिति : २०६३/१०/२० जि.प्र.का. : सप्तरी	**नाम : श्याम नारायण साह** बुबा : बिक्रम साह बाजे : बासुदेव साह ठेगाना : पत्थरगाडा गा.वि.स वडा नं. ०१, सप्तरी हाल : डाक्नेश्वरी न.पा. वडा नं.०९, सप्तरी ना.प्र.नं. : २७२२ जारी मिति : २०५९/०२/२० जि.प्र.का. : सप्तरी

धितो राखिएको सम्पत्ति विवरण

१. धितो सुरक्षण धनीको नामः– सुनिता देवी साह

सि.नं.	जिल्ला	न.पा./गा.वि.स.	वडा नं/नक्सा सिट	कित्ता.नं.	क्षेत्रफल (बि.क.धु.)	कैफियत
१.	सप्तरी	स.पत्थरगाडा	३	५५३	०-०-१६	सो जग्गामा निर्माण भएको तथा भविष्यमा निर्माण हुने घर र सो को लिग लगापात समेत ।
२.	सप्तरी	स.पत्थरगाडा	३	५५६	०-०-५.५०	
३.	सप्तरी	स.पत्थरगाडा	२क	८८२	०-०-१८	
४.	सप्तरी	स.पत्थरगाडा	२क	८७९	०-१-४.७५	
५.	सप्तरी	स.पत्थरगाडा	२क	८८४	०-०-१५	
६.	सप्तरी	स.पत्थरगाडा	२ख	४१३	०-२-०.५०	
७.	सप्तरी	स.पत्थरगाडा	२ख	४१०	०-१-६.२५	

३.कर्जा शिर्षक : सिटिजन्स फास्ट ट्रयाक आवधिक कर्जा

ऋणीको नाम र ठेगाना	जमानीकर्ताहरुको नाम र ठेगाना
नाम : अशोक कुमार ठाकुर बुबा : खेलानन्द ठाकुर बाजे : सुरेश ठाकुर ठेगाना : भारदह गाविस वडा नं. ०२, सप्तरी हाल : हनुमाननगर कंकालिनी न.पा.वडा नं.०१, सप्तरी ना.प्र.नं. : २८८४ जारी मिति : २०५८/०६/२५ जि.प्र.का. : सप्तरी	**१. नाम : संगिता झा** बुबा : तेज नारायण झा पती : अशोक कुमार झा ससुरा : खेलानन्द ठाकुर ठेगाना : भारदह गाविस वडा नं. ०२, सप्तरी हाल : हनुमाननगर कंकालिनी न.पा.वडा नं.०१, सप्तरी ना.प्र.नं. : १६२०११/३४१ जारी मिति : २०६७/०४/१३ जि.प्र.का. : सप्तरी
२. नाम : शुशिला देवी ठाकुर बुबा : अधिकान्त झा पती : खेलानन्द ठाकुर ससुरा : सुरेश ठाकुर ठेगाना : भारदह गाविस वडा नं. ०२, सप्तरी हाल : हनुमाननगर कंकालिनी न.पा.वडा नं.०१, सप्तरी ना.प्र.नं. : १३०००२१० जारी मिति : २०४३/०१/३० जि.प्र.का. : सप्तरी	**धितो राखिएको सम्पत्ति विवरण** **जग्गाधनीको नाम : अशोक कुमार ठाकुर** जिल्ला : सप्तरी न.पा./गा.वि.स. : भारदह वडा नं./नक्सा सिट : २क कि.नं. : ७३० (गाउँ ब्लक ७०) क्षेत्रफल (बि.क.धु) : ०-०-१८ कैफियत : सो जग्गामा निर्माण भएको तथा भविष्यमा निर्माण हुने घर र सो को लिग लगापात समेत ।

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्याद भित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मुल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कनभन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन ।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :

१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत हुनेछ ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुनः लिलामी खोल्ने कार्य हुनेछ ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनु हुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालय र शाखा कार्यालय राजविराज,सप्तरीमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ ।

लिलाम खोलिने मिति :- २०८१/०३/१७ गते, सोमबार
समय :- दिनको ४:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड, शाखा कार्यालय, राजविराज, सप्तरी ।

Citizens Bank

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

सवारी साधन लिलाम बढाबढको सूचना

(सूचना प्रकाशित मिति २०८१/०३/०२)

यस कम्पनीले भारतीय गुणस्तर मापदण्ड अनुसार एफटेक मोटर्स इन्डिया, लखनउबाट उत्पादित मोटरसाईकलहरुबाट राईड शेयरिंग सेवा संचालन गर्न खरीद गरेकोमा हाल उक्त राईड शेयरिंग सेवा संचालन नगर्ने निर्णय भएकोले तपशिलका शून्य किलोमीटर चलेका, इ.सं.२०२४ मा आयात भएका पूर्णतः नयाँ (Brand New) दुईपांग्रे मोटरसाईकलहरु तथा त्यसका पूरा रेञ्जका स्पेयर पार्टस्हरु समेत लिलाम बढाबढको यो सूचना प्रकाशित गरिएको छ ।

इच्छुक व्यक्ति, फर्म तथा कम्पनीहरुले यो सूचना प्रकाशित मितिले कम्पनीको तपशिलको ठेगानामा सम्पर्क राखी रु.१,००० (फिर्ता नहुने गरि) तिरि बोलपत्र फारम प्राप्त गर्न सक्नुहुनेछ । बोलपत्र फारम बिधिवत् भरि कूल बोलकबोल रकमको १० प्रतिशतले हुने धरौटी रकम (बोलपत्र स्वीकृत नभएमा फिर्ता हुने) कम्पनीको प्रभु बैंक लि., ललितपुर शाखाको बैंक खाता नम्बर ००३०१५३७४८६०००१८ मा जम्मा गरेको सक्कल भौचर सहित सिलबन्दी बोलपत्र मिति २०८१/३/१५ दिंउसो १ बजेभित्र स्वयं उपस्थित भै वा हुलाक मार्फत् कम्पनीमा प्राप्त गराईसक्नुपर्नेछ । २०८१/३/१५ दिंउसो ३ बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा कम्पनीको कार्यालयमा खोलिनेछ । मोटरसाईकल तथा स्पेयर पार्टसहरु हेर्न, निरीक्षण गर्न चाहेमा कार्यालय समयमा कम्पनीको धापाखेल, ललितपुर २३ स्थित गोदाममा आई हेर्न, निरीक्षण गर्न सकिनेछ ।

लिलाम सकार गर्दा सबै मोटरसाईकल र स्पेयर पार्टस्हरु उठाउनु पर्नेछ । बोलपत्र स्वीकृत हुने पार्टीले स्वीकृत भएको ७ दिनभित्र सबै मोटरसाईकल र स्पेयर पार्टस्हरु कबोल रकम पूर्ण भुक्तानी गरि उठाइसक्नुपर्नेछ । मोटरसाईकल तथा सामानको भ्याट बिल उपलब्ध गराईनेछ । म्याद नाघि आएको तथा रीतपूर्वक नआएका बोलपत्रहरु स्वतः अस्वीकृत हुनेछन् । बोलपत्रहरु स्वीकार वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस कम्पनीमा निहीत रहनेछ ।

लिलाम बिक्री हुने मोटरसाईकलहरु तथा स्पेयर पार्टस्हरुको संक्षिप्त बिबरण (बिस्तृत बिवरण बोलपत्र फारमको साथमा उपलब्ध हुनेछ) ।

सामानको नाम	परिमाण	न्यूनतम मूल्य
"एफटेक टर्बो" ब्रान्डको १७० सिसि, BS-IV, ABS, Disk Brake रहेको भारतीय मोटरसाईकल कालो, सेतो, रातो रंगहरुमा	५ थान	रु.१,९९,००० प्रति मोटरसाइकल
"एफटेक नाइट राइडर" ब्रान्डको १७० सिसि, BS-IV, ABS, Disk Brake रहेको भारतीय मोटरसाईकल कालो, सेतो, नीलो रंगहरुमा	३ थान	रु.१,९९,००० प्रति मोटरसाइकल
"एफटेक स्कोर्पियन" ब्रान्डको १७० सिसि, BS-IV, ABS, Disk Brake रहेको भारतीय मोटरसाईकल कालो, सेतो, नीलो रंगहरुमा	१३ थान	रु.१,९९,००० प्रति मोटरसाइकल
माथिका मोटरसाईकलहरुमा प्रयोग हुने इन्जिन पार्टस् बाहेक अन्य सबै प्रकारका स्पेयर पार्टस्हरु	एकमुष्ठ	रु.२,९९,००० एकमुष्ठ

म्याक्स भिजन लि.
धापाखेल, ललितपुर–२३
इमेलः growmaxinvest@gmail.com,
मोबाईल : ९८५१२२४७५०, ९८४१५१९६६७, ९८५८०२२९८२

विजयादीप लेबोरेटरिज लिमिटेड
२५औं बार्षिक साधारण सभाको सूचना

श्री शेयरधनी महानुभाव ज्यूहरु,

मिति २०८१।०२।२१ मा बसेको यस कम्पनिको संचालक समितिको १२८ औं बैठकको निर्णयानुसार यस कम्पनिको २५औं वार्षिक साधारण सभा निम्नलिखित मिति, स्थान र समयमा देहायका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रेषित गरिएको छ ।

सभा हुने मिति, समय र स्थानः
मिती : २०८१ साल आषाढ ११ गते मंगलबार (जुन २५, २०२४)
स्थान : द इन्ट्रान्स क्याफे, चाकुपाट, ललितपुर ।
समय : दिउसो ३:०० बजे ।

छलफलका विषयहरु

(क) साधारण प्रस्तावहरुः
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्ने आ.व. ०७९।०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरि उक्त प्रतिवेदन पारित गर्ने ।
२. लेखा परिक्षकको प्रतिवेदन सहितको आ.व.०७९।०८० को वासलात, नाफा नोक्सान, हिसाब र नगद प्रवाह विवरण माथि छलफल गरि पारित गर्ने ।
३. आगामि आ.व.०८०।०८१ को लागि लेखापरिक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिले आ.व. ०७९।०८० मा गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा ।
५. सभाको माइन्युट प्रमाणीत गर्न प्रतिनिधी चयन गर्ने ।
६. विविध ।

(ख) विशेष प्रस्तावहरुः
१. निर्वाचन उप समिति गठन गर्ने बारे ।
२. कम्पनीको अचल सम्पत्ति धितो राख्ने वा बिक्री गर्ने प्रावधान बारे ।
३. DDA प्रतिवेदनको आधारमा कम्पनीको विद्यमान कर्जा एवं दायित्व फरफारक गर्ने बारे
४. कम्पनीको Due Diligence Audit अनुमोदन गर्ने बारे ।
५. प्रवन्ध पत्र तथा नियमावली संसोधन गर्ने सम्बन्धमा ।
६. संचालक समिति गठन गर्ने बारे ।

२५औं वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी
(क) वार्षिक साधारण सभाको सूचना तथा संक्षिप्त प्रतिवेदन प्रत्येक शेयरधनीको उपलब्ध ठेगानामा हुलाक/कुरिएर/ईमेल/मेसेन्जर मार्फत् पठाईने छ । वार्षिक साधारण सभा सम्बन्धी कुनै जानकारी आवश्यक भएमा कम्पनीको कार्यालय, हरिसिद्धि, ललितपुर अथवा कम्पनीको सम्पर्क कार्यालय, ललितपुरमा सम्पर्क गर्नुहुन अनुरोध छ ।
(ख) साधारण सभामा उपस्थित हुँदा प्रवेशपत्र वा शेयर प्रमाणपत्र लिई उपस्थित हुन अनुरोध गरिन्छ ।
(ग) शेयरधनी पुस्तिका दिउँसो २:३० बजे देखि खुल्ला गरिनेछ ।
(घ) प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले प्रतिनिधि पत्र (प्रोक्सी) सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको सम्पर्क कार्यालय, ललितपुरमा दर्ता गराई सक्नु पर्ने छ ।

संचालक समितिका आज्ञाले,
कम्पनी सचिव

सुचना

यस फर्म द्वारा पैठारी नं. 4 Feet Table Top Commercial Cake Display को अधिकतम खुद्रा मुल्य निम्न अनुसार भएको सर्वसाधारणको लागि मुल्य क्षमता प्रकाशित गरिएको छ ।

	मोडल नं.	क्षमता	खुद्रा मुल्य (मु.अ.क.सहित)
1.	4 Feet Table Top Commercial Cake Display	4 Feet	59,000.00

SPARK WORLD TRADE PVT. LTD
Sano Bharyang-15, Kathmandu 015902840

निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

टेक बहादुर खत्रीको नाती रेशम बहादुर खत्रीको छोरा लुम्बिनी प्रदेश कपिलवस्तु जिल्ला वाणगंगा नगरपालिका वडा नं. ७ बस्ने हुम बहादुर खत्री भन्ने हुम बहादुर क्षेत्रीले यस शाखामा पेन्सन खाता नं. २४९१५२४०३००२७५ संचालन गर्दै आउनु भएकोमा मिति २०८१/०२/०५ मा निज खातावाला हुम बहादुर खत्री भन्ने **हुम बहादुर क्षेत्रीको निधन** भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने **गंगा देवी खत्री क्षेत्रीले** मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक हुम बहादुर खत्री भन्ने हुम बहादुर क्षेत्रीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदावी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको चन्द्रौटा शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

चन्द्रौटा शाखा, कपिलवस्तु
फोन नम्बर : ०७६–५४०५०१
फ्याक्सः– ०७६–५४०५०२